आज मिति २०७६/१२/२५ गते कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा रसुवा जिल्लामा गठित कमाण्ड पोष्टको बैठक कमाण्ड पोष्टका संयोजक एवं प्रमुख जिल्ला अधिकारी श्री अर्जुन भण्डारीज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा निम्नानुसारका निर्णयहरु गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री अर्जुन भण्डारी | संयोजक |
| प्रमुख सेनानी | श्री सविन्द्र नगरकोटी | सदस्य |
| प्रहरी नायव उपरीक्षक | श्री ईन्द्र प्रसाद सुवेदी | सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक (स.प्र.वल.नेपाल, २० नं. गुल्म हे.क्वा. धुन्चे) | श्री किरण पौडेल | सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | श्री देवेन्द्रराज उप्रेती | सदस्य |
| जनस्वास्थ्य अधिकृत | श्री किरण श्रेष्ठ | सदस्य |
| नि.मे.सु. | डा. अनिल कुमार खरेल | सदस्य |
| सहायक प्रमुख जिल्ला अधिकारी | श्री सपना कुमारी भट्टराई | सदस्य-सचिव |

## निर्णयहरु:

१. गाउँपालिकाहरूबाट असङ्गठित क्षेत्रमा काम गर्ने श्रमिक तथा मजदुरहरूलाई वितरित राहत सामग्रीका सम्बन्धमा राहत प्राप्त गर्नेहरूको नामनामेसी विवरण सहित सम्बन्धित सबै स्थानीय तहबाट अनिवार्य रुपमा वेबसाईट, सामाजिक सञ्जाल वा सूचना पाटीको माध्यमबाट सार्वजनिकीकरण हुने व्यवस्था गर्ने । स्थानीय प्रशासन र सुरक्षा निकायले समन्वयात्मक रूपमा यसको अनुगमन गर्ने ।

२. बाहिरी जिल्लाबाट रसुवा प्रवेश गर्ने वा जिल्लाभित्र खाद्यान्नलगायत अत्यावश्यक सामग्री ढुवानी गर्ने मालवाहक सवारी साधन र एम्बुलेन्स चालकहरूलाई कोभिड-१९ सङ्क्रमणको जोखिमलाई मध्यनजर गरी रसुवा जिल्ला प्रवेश गर्ने नुवाकोटसँगको सीमाना बेत्रावतीस्थित हेल्थ डेस्कबाट Travel History Card जारी गरी जिल्लाभित्रका सबै हेल्थ डेस्कबाट सुपरिवेक्षण हुने व्यवस्था गर्ने र यसको नमूना स्वास्थ्य कार्यालय, रसुवाले तयार गर्ने ।

३. जिल्लाभित्र सञ्चालनमा रहेका सबै एम्बुलेन्सहरूलाई जुनसुकै बखत उपलब्ध हुने गरी स्टान्डबाई राख्ने व्यवस्था गर्ने । आकस्मिक अवस्थामा बिरामी लिई जिल्लाबाहिर जानुपर्ने भएमा जिल्लास्तरीय Patient Receiving Team (PRT) लाई अनिवार्य जानकारी गराउनुपर्ने ।

४. जिल्लामा मौजुदा एम्बुलेन्स मध्ये रसुवा अस्पताल र कालिका गाउँपालिका वा अन्य एक एम्बुलेन्सलाई COVID-19 Friendly Ambulance को रुपमा तयार गरी COVID-19Patient Receiving Team (PRT) अन्तर्गत सञ्चालन हुने गरी रसुवा अस्पताल, धुन्चेमा स्टेन्डवाई राख्ने ।

५. कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/२० को बैठकबाट निर्णय भए अनुसार यस जिल्लाभित्र सञ्चालित विकास निर्माण सम्बन्धी आयोजनाहरू दैनिक अत्यावश्यक उपभोगका खाद्यवस्तु उत्पादन गर्ने उद्योगहरू, पशुपन्छीको दाना उत्पादन गर्ने उद्योगहरूलाई देहायका प्रावधानहरूको पूर्ण परिपालना हुने सुनिश्चित गरी मात्र सञ्चालन गर्न अनुरोध गर्ने । यी प्रावधानहरू पालना भए/नभएको विषयमा अनुगमनका लागि सम्बन्धित गाउँपालिकाहरूलाई अनुरोध गर्ने । यदी यी प्रावधानको पूर्ण परिपालना नगरेको पाईएमा सञ्चालनमा रोक लगाउने ।

क. श्रमिक र अन्य जनशक्तिहरू अनिवार्य रुपमा कार्यस्थलभित्रै रहनुपर्ने

ख. उनीहरुलाई आवास र खानाको व्यवस्था कार्यस्थलभित्रै गरिनुपर्ने

ग. श्रमिक तथा अन्य जनशक्तिहरूलाई कार्यस्थलबाट बाहिर जान र कार्यस्थल बाहिर रहेका परिवारका सदस्य लगायत अन्य कुनै पनि व्यक्तिहरूसँग सम्पर्कमा आउन नदिने ।

घ. श्रमिक लगायत कार्यस्थलमा रहने सबैको नियमित स्वास्थ्य जाँच गर्ने, दैनिक ज्वरो नाप्ने र सोको अभिलेख राखी दैनिक रूपमा स्थानीय प्रशासन र सुरक्षा निकायलाई जानकारी गराउने ।

ङ. श्रमिक र अन्य जनशक्तिहरूको आवास र कार्यस्थलमा मास्क, स्यानिटाइजर तथा साबुनपानीको प्रयोग गर्ने/गराउने ।

च. कार्यस्थल र आवासमा व्यक्ति-व्यक्ति बीच न्यूनतम भौतिक दूरी कायम गर्ने ।

छ. आयोजनास्थल वा कार्यस्थलमा एम्बुलेन्स वा आकस्मिक अवस्थामा प्रयोग हुनसक्ने सवारीसाधन स्टान्डबाइ राख्ने व्यवस्था गर्ने ।

६. खाद्यवस्तु, तरकारी, फलफूल, खानेपानी, दूध, औषधी विक्रीवितरणका कार्यहरूलाई स्वास्थ्य सुरक्षाका हिसाबले भीडभाड नगर्ने, क्रेता तथा विक्रेताले मास्क र स्यानिटाइजरको अनिवार्य प्रयोग गर्ने/गराउने, विक्रीस्थलमा Phenyl/Dettol (Disinfectant) प्रयोग गरी सरसफाइ गर्ने, विक्रीस्थलमा भौतिक दूरी कायम गरी मात्र बिक्री वितरण वा सेवा प्रवाह हुने व्यवस्था गर्ने । यस कार्यको अनुगमनका लागि सबै गाउँपालिकाहरूलाई अनुरोध गर्ने ।